# माननीय प्रदेश प्रमुख श्री नजिर मियाँले
# प्रदेश सभाको बैठकमा गर्नुभएको सम्बोधन

## आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रम

सुदूरपश्चिम प्रदेश सरकार
२०८२ जेठ १६ गते

सुदूरपश्चिम प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
धनगढी, कैलाली, नेपाल
२०७४

**माननीय सभामुख महोदय,**

**माननीय प्रदेश सभा सदस्यहरू,**

आज यस प्रदेश सभाको बैठकलाई सम्बोधन गरिरहँदा मैले आफूलाई गौरवान्वित महसुस गरेको छु। मुलुकको लोकतान्त्रिक शासन प्रणाली र नेपाली समाजको अग्रगामी रूपान्तरणका लागि भएका ऐतिहासिक जनआन्दोलन तथा सशस्त्र संघर्ष लगायतका विभिन्न आन्दोलनका क्रममा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात सहिदहरूप्रति उच्च सम्मानका साथ भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। घाइते तथा बेपत्ता नागरिक लगायत आन्दोलनमा सहयोग एवं योगदान पुऱ्याउनु हुने सम्पूर्ण दिदीबहिनी र दाजुभाईहरू प्रति उच्च सम्मान प्रकट गर्दछु। साथै, सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि अग्रपङ्क्तिमा रहेर नेतृत्व गर्नुहुने नेतृत्वकर्ता एवम् सम्पूर्ण देशभक्त नागरिकले राष्ट्र निर्माणमा पुऱ्याएको योगदानलाई स्मरण गर्न चाहन्छु।

प्रत्येक नेपालीलाई आफ्नो इतिहास र स्वाभिमान, संघर्ष र बलिदान, परिवर्तन र उपलब्धिप्रति गौरव बोध गराउन; जनतामा राज्यप्रति थप आशा र भरोसा पैदा गर्न, प्रदेशमा आर्थिक गतिशीलता बढाउन, भ्रष्टाचार विरुद्ध शुन्य सहनशीलता कायम गर्दै सुशासन कायम गर्ने र दण्डहीनताको अन्त्य गर्ने दिशामा सुदूरपश्चिम प्रदेश सरकार क्रियाशील छ। साथै, सरकार गठनका समयमा गरिएका साझा प्रतिबद्धता र प्राथमिकतालाई आत्मसात गरी साझा सङ्कल्पका साथ आर्थिक एवं सामाजिक रूपान्तरण गर्न र तीव्र आर्थिक वृद्धि हासिल गरी सुदूरपश्चिम प्रदेशका साथै मुलुकको बृहत्तर हितमा समर्पित रहँदै सामाजिक न्यायसहित समृद्ध र समतामूलक समाज निर्माणको सङ्कल्प पूरा गर्नका लागि सुदूरपश्चिम प्रदेश सरकार कटिबद्ध रहेको छ।

**माननीय सदस्यहरू,**

आर्थिक वर्ष २०८१/८२ को वार्षिक नीति तथा कार्यक्रम कार्यान्वयनको समीक्षासहित हासिल हुने प्रगति प्रदेश सरकारको वार्षिक प्रगति प्रतिवेदनमा प्रस्तुत हुने नै हुँदा वर्तमान सरकार गठन भएपश्चात् प्रारम्भ गरिएका केही महत्वपूर्ण पहल संक्षेपमा प्रस्तुत गर्दछु।



सुदूरपश्चिम प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
धनगढी, कैलाली, नेपाल
२०७४

क. वर्तमान सरकार गठनसँगै सरकारले अघि सारेको नीतिगत तथा अन्य सुधारात्मक कार्य र आर्थिक-सामाजिक रूपान्तरण एवं विकासको कार्यदिशा र शैली सकारात्मक रहेको छ। यस अवधिमा राजनीतिक सहमति जुटाउने, प्रदेश सभाको विश्वास लिई राजनीतिक स्थायित्वको प्रत्याभूति दिने र आगामी कार्यदिशा तय गर्ने महत्वपूर्ण कार्य सम्पन्न भएका छन्।

ख. वार्षिक विकास कार्यक्रमको पहिचान, छनौट र प्राथमिकीकरण कार्यमा अनुशासित र जवाफदेहीतापूर्ण प्रणाली स्थापनाको सुरुवात भएको छ। योजना छनौट प्रक्रियालाई संविधान र प्रचलित कानुन बमोजिम मागमा आधारित, यथार्थपरक र सहभागितामूलक तुल्याउने अभ्यास प्रारम्भ गरिएको छ।

ग. वार्षिक बजेट तर्जुमामा स्थानीय तहसँगको समन्वय र सहकार्यको कार्यलाई महत्व दिइएको छ। यसबाट संघ, प्रदेश र स्थानीय तहबीचको कार्यात्मक सम्बन्ध बलियो भएको छ।

घ. प्रदेशको धार्मिक, सांस्कृतिक तथा आध्यात्मिक पक्षको उजागर गरी पर्यटकीय क्षेत्रको प्रवर्द्धनका लागि विशेष पहल गरिएको छ। प्रदेश लगानी तथा विकास सम्मेलन मार्फत यस प्रदेशमा लगानीका सम्भावनाहरू पहिचान गर्ने, विश्वसनीय र दिगो लगानी योग्य वातावरण तयार गरी प्रचुर लगानी भित्र्याई प्रदेशको आर्थिक सामाजिक रूपान्तरण गर्ने कार्यलाई महत्वका साथ अगाडि बढाइएको छ। निकट भविष्यमा नै **सुदूरपश्चिम प्रदेश लगानी तथा विकास सम्मेलन, २०८२** को आयोजना धनगढीमा गरिने छ।

ङ. विकास आयोजनाको स्थलगत अनुगमन गरी आयोजनाको शीघ्र कार्यान्वयनमा जोड दिइएको छ। विकास आयोजना कार्यान्वयनमा आर्थिक अनुशासन कायम राख्न बजेट खर्च प्रणालीमा सुधार गरिएको छ।

च. कृषि क्षेत्रको उत्पादन बढाउन रोग नियन्त्रण, आधुनिक प्रविधिको प्रयोग र लागत घटाउँदै उत्पादकत्व अभिवृद्धि गर्न अनुदान, प्रविधि सहयोग र कृषि बीमा लगायतका

कार्यक्रमहरू सञ्चालन गरिएको छ। कृषि र ऊर्जा क्षेत्रको विकासका विशेष परियोजनाहरू अब आयोजना हुने लगानी सम्मेलनमा प्रस्ताव गरिनेछ।

छ. वन क्षेत्रको अतिक्रमण, वन विनास नियन्त्रण गर्दै वन पैदावारको दिगो उपयोग गरी समुदायस्तरको आर्थिक विकासमा टेवा पुर्‍याउने प्रयास भएको छ।

ज. यस प्रदेशमा रहेका राष्ट्रिय गौरव र प्रादेशिक गौरवका आयोजना कार्यान्वयनमा तीव्रता दिन संघ तथा स्थानीय सरकार र विकास साझेदारसँग समन्वय र सहकार्य गरिएको छ।

झ. विकास प्रशासन र शासकीय अभ्यासमा रहेका विगतका कमीकमजोरी सुधार गरी दिगो सुशासन र विकासको प्रत्याभूति दिलाउन सरकार क्रियाशील र कटिबद्ध रहेको छ।

ञ. प्रदेशको संरचनात्मक दक्षता एवं सक्षमता बढाउने र स्रोतसाधनको विनियोजन कुशलता कायम गर्ने भरपुर प्रयासका वावजुद नागरिकका असीमित आवश्यकता र विकासप्रतिको तीव्र चाहना सम्बोधन गर्नु चुनौतीपूर्ण रहेको छ। विद्यमान चुनौती सामना गर्दै विकासका प्रादेशिक एवं राष्ट्रिय लक्ष्यहरू क्रमशः हासिल गर्ने दिशातर्फ प्रस्तुत नीति तथा कार्यक्रम परिलक्षित रहेको छ।

ट. नेपालको संविधान, अन्तर्राष्ट्रिय प्रतिवद्धता, दिगो विकास लक्ष्य, सोह्रौं पञ्चवर्षीय योजना, नेपाल सरकारको नीति तथा कार्यक्रम, प्रदेशको प्रथम पञ्चवर्षीय योजना, प्रदेश सरकारका विगतका नीति तथा कार्यक्रम, प्रदेशको आवश्यकता र स्रोत साधनको उपलव्धता, हालसम्म प्राप्त उपलब्धि तथा अनुभव एवं नागरिकहरूको माग र चाहनालाई मध्यनजर गर्दै प्रदेश सरकारले यो नीति तथा कार्यक्रम तयार गरेको छ।

**माननीय सदस्यहरू,**

अब म सुदूरपश्चिम प्रदेश सरकारको आर्थिक वर्ष २०८२/८३ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

सुदूरपश्चिम प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
धनगढी, कैलाली, नेपाल
२०७४

१. रोजगारी सिर्जना गरी बेरोजगारी एवम् गरिबी न्यूनीकरण गर्ने, बढ्दो जनशक्ति पलायनलाई रोक्ने तथा सामाजिक न्याय र समावेशिता प्रवर्द्धन गर्ने खालका कार्यक्रमलाई प्राथमिकता दिइनेछ। कमजोर मानव विकास सूचकाङ्क, उच्च गरिबी, दलित, लोपोन्मुख तथा पिछडिएको समुदायको बसोबास वा जनसङ्ख्या लगायतका मापदण्डका आधारमा लक्षित वर्गमा **"मुख्यमन्त्री गरिबी निवारण तथा लघु उद्यम कार्यक्रम"** सञ्चालन गरिनेछ।

२. स्वदेशी एवं विदेशी लगानीको प्रवर्द्धनका लागि प्रदेशमा लगानीका आकर्षक परियोजनाहरूको पहिचान र विकास गरी आर्थिक वर्ष २०८२/८३ मा **प्रदेश लगानी तथा विकास सम्मेलनको** आयोजना गरिनेछ। प्रदेशमा लगानी एवं व्यावसायिक वातावरण सुधार र सहजीकरणका लागि मुख्यमन्त्रीको नेतृत्वमा लगानी एवं व्यावसायिक वातावरण प्रवर्द्धन र **सार्वजनिक-निजी संवादका** संयन्त्र स्थापना र सञ्चालन गरिनेछ। गैरआवासीय नेपालीले यस प्रदेशमा लगानी गरी व्यवसाय सञ्चालन गर्न चाहेमा विशेष सहुलियत र प्रोत्साहनको व्यवस्था गरिनेछ। यस प्रदेशबाट विदेशिएका नागरिकहरू तथा गैरआवासीय नेपालीहरूको सीप, पुँजी र क्षमताको सदुपयोग गरी **ब्रेन सर्कुलेशन**को वातावरण तयार गरिनेछ।

३. सुदूरपश्चिम प्रदेश स्वरोजगार विकास कोषमार्फत गरिब, असहाय र सीमान्तकृत वर्गका स्वरोजगार र उद्यमशील हुन चाहने व्यक्तिलाई सीपमूलक तालिम तथा सहुलियत ब्याजदरमा कर्जा प्रदान गर्ने कार्यलाई विस्तार गरिनेछ। निजी क्षेत्रको सहकार्यमा लघु, घरेलु तथा साना उद्योग स्थापना र सञ्चालनका लागि आवश्यक पर्ने प्रविधि, उपकरण, सीप, लगानी र उत्पादनको बजार तथा लाभको दर समेत अध्ययन गरी घरेलु तथा **साना उद्योग स्किम** प्रकाशन गरिनेछ। परम्परागत सीप, कला र उद्योगको प्रवर्द्धन गर्नका लागि अध्ययन गरिनेछ। उद्योग दर्ता, नवीकरण र खारेजी सम्बन्धी सेवालाई अनलाईन प्रविधिमा आधारित गराइनेछ।

४. बाँस, अल्लो, जुट, भाङ, रामबाँस, लोक्ता, केरा जस्ता प्राकृतिक रेशाबाट कपडा लगायतका वस्तु उत्पादनका लागि उद्योग सञ्चालनका पूर्वाधार तयार गरिनेछ।

५. फलफूलबाट जुस, खाद्यबस्तु तथा मदिरा उत्पादन, खोटो प्रशोधन र खाद्य प्रशोधन जस्ता उद्योगहरू सञ्चालनका लागि निजी क्षेत्रलाई उत्प्रेरित गरिनेछ।

६. प्रदेशमा सञ्चालन भएका उद्योगहरूको प्रवर्द्धनका लागि नीतिगत एवं कानुनी सुधार गरिनेछ। नवप्रवर्तनमा आधारित स्टार्टअप उद्यमलाई प्रोत्साहन र प्रवर्द्धन गर्न सार्वजनिक र निजी साझेदारी तथा तीनै तहका सरकारी निकायहरूसँगको सहकार्यमा व्यवसाय, जिनियस आईडिया बैंक, इन्कुवेसन सेन्टर, स्टार्टअप एक्सलेरेटर, टेक्नोलोजी एक्सलेन्स सेन्टर, रिसर्च सेन्टर स्थापना, नीतिगत र संरचनागत पूर्वाधार र मूल्य श्रृंखला निर्माण लगायतका पहलहरू मार्फत स्टार्टअप इकोलोजी निर्माण गरिनेछ। "डिजिटल नेटिभ्स" पुस्तालाई लक्षित गरी स्टार्टअप व्यवसाय कार्यक्रम सुरु गरिनेछ।

७. प्रदेशमा उपलब्ध कच्चा पदार्थको अधिकतम उपयोग गर्ने खालका उद्योग स्थापना र सञ्चालनमा जोड दिइनेछ। प्रदेशका लघु, घरेलु तथा साना उद्योगहरूको उत्पादनलाई मेला महोत्सव, प्रदर्शनी र इ-कमर्श मार्फत बजारीकरणमा टेवा पुर्‍याइनेछ।

८. उपभोक्ताको हक अधिकारको संरक्षण, स्वच्छ प्रतिस्पर्धी बजार, गुणस्तर नियन्त्रण, कालोबजारी र कृत्रिम अभाव नियन्त्रण गर्न र आपूर्ति व्यवस्थालाई सहज बनाउनका लागि बजार अनुगमन लगायतका उपभोक्ता हित सम्बन्धी कानुन कार्यान्वयनलाई थप प्रभावकारी बनाउन आवश्यक संयन्त्र निर्माण गरी कार्यक्रमहरू सञ्चालन गरिनेछ।

९. उद्योग तथा वाणिज्य प्रशासनलाई व्यवस्थित र प्रभावकारी बनाउन हाल सञ्चालनमा रहेका विद्युतीय प्रणालीहरूको स्तरीकरण र अद्यावधिक गरिनेछ।

१०. संघ, प्रदेश र स्थानीय तहसँगको सहकार्यमा प्रदेशस्तरीय औद्योगिक क्षेत्र, सुक्खा बन्दरगाह, निर्यात प्रवर्द्धन क्षेत्र, औद्योगिक ग्रामजस्ता औद्योगिक पूर्वाधार स्थापना र निर्माणको पहल गरिनेछ। कैलाली जिल्लाको डुडेझाडीमा प्रदेशस्तरको औद्योगिक क्षेत्र निर्माण गरिनेछ। "एक जिल्ला एक उद्योग" स्थापनाका लागि पहल गरिनेछ।

११. महिला, आदिवासी जनजाति, राउटे, राजी, दलित, अपाङ्ग, द्वन्द्वपीडित, सशस्त्र संघर्ष तथा जनआन्दोलनका घाइते, सहिद परिवार, एकल महिला लगायत आर्थिक एवम् सामाजिक रूपले पिछडिएका समुदायको उत्थानका लागि **"दशरथ चन्द सीपमूलक एवं क्षमता**

**अभिवृद्धि कार्यक्रम**" लाई निरन्तरता दिइनेछ। मुक्त कमैया, हलिया, कमलरी लक्षित सीपमूलक र क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ।

१२. **"गरौं उत्पादन, राखौं पहिचान"** भन्ने नारालाई सार्थक बनाउँदै स्थानीय स्रोत, साधनको अधिकतम उपयोग, स्थानीय सीप र प्रविधिको अभिवृद्धि तथा स्थानीय उत्पादनको प्रवर्द्धन र ब्राण्डिङ मार्फत प्रदेशको पहिचान सुदृढ गरिनेछ। यसका लागि होमस्टे, इकोभिलेज, लघु तथा साना उद्योग, कृषि, वन, जल, जडिबुटी, हस्तकला, पर्यटन र साँस्कृतिक क्षेत्रका स्थानीय उत्पादनहरूको गुणस्तर सुधार, प्याकेजिङ, प्रमाणीकरण र निर्यातको सम्भावनालाई पहिचान गरी बजारीकरण गर्न स्थानीय र संघीय सरकारसँग आवश्यक समन्वय गरिनेछ।

माननीय सदस्यहरू,

१३. कृषि क्षेत्रलाई प्रदेशको संरक्षित क्षेत्रका रूपमा घोषणा गरी वहुसंख्यक कृषकहरूले लाभ पाउने गरी देहाय अनुसारको अनुदान नीति अवलम्बन गरिनेछ।

   क. व्यावसायिक कृषकलाई बैंक, वित्तीय संस्था र सहकारी संस्था मार्फत कृषि कर्जामा ब्याज अनुदान

   ख. प्रतिफलमा आधारित अनुदान

   ग. निर्वाहमुखी साना किसानहरूलाई अनुदान

   घ. कोल्ड स्टोर, कोल्ड च्याम्बर र साना कृषि उद्योगहरूलाई विद्युत महशुलमा अनुदान दिइनेछ।

१४. प्रदेशबाट निर्यातको संभावना भएका फलफूल तथा तरकारी, अदुवा, बेसार, अलैंची, मह, छुर्पी, घिउ, माछा, मासु लगायतका कृषि उपजको उत्पादनमा क्रमशः आत्मनिर्भर हुँदै निर्यात गर्न सकिने अवस्था सिर्जना गर्ने नीति लिइनेछ। कृषि, पशुपन्छी र मत्स्य केन्द्रित "एक स्थानीय तहः दुई उत्पादन" अभियान सञ्चालन गरी तीन वर्षभित्र प्रत्येक स्थानीय तहमा कम्तिमा एक विशेष व्यावसायिक कृषि पकेट क्षेत्र विकास गरिनेछ।

सुदूरपश्चिम प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय धनगढी, कैलाली, नेपाल २०७४

प्रमुख बजार आसपासको क्षेत्रमा कृषिजन्य उद्योग, पुष्प खेती, पशुपन्छी तथा मत्स्य उत्पादन र प्रशोधन कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।

१५. निर्माण सम्पन्न भएका तर सञ्चालनमा नआएका कोल्ड चेम्बर, कोल्ड स्टोर, प्रशोधन केन्द्र, लगायतका कृषि पूर्वाधारहरू सञ्चालन गरिने र अधुरा परियोजनाहरू निर्माण सम्पन्न गरिनेछ। पाउडर प्लान्ट सहितको दुध प्रशोधन केन्द्र, पशु बधशाला र प्रदेशभित्र निर्माण भएका गौशालाहरूलाई मापदण्ड बनाई उद्योगका रूपमा विकास गरिनेछ। गड्डी भैंसी र अछामी नौमुठे गाई लगायतका लोपोन्मुख रैथाने जातका पशु-नश्लको संरक्षण गरिनेछ।

१६. खेतीयोग्य बाँझो जग्गा, नदीका बगर र सरकारी जग्गालाई कृषि कार्यमा उपयोग गर्ने नीति लिइनेछ। सरकारी कार्यालयका खाली जग्गामा फलफूल उद्यान कार्यक्रम सञ्चालन गरिनेछ। बर्षातको पानी संकलन र उपयोग गर्ने लगायत साना सिंचाई संरचना निर्माण कार्यलाई प्राथमिकता दिइनेछ ।

१७. पर्यटकीय स्थल भएका क्षेत्रहरू र दिवा खाजा कार्यक्रम लागु भएका विद्यालयहरूसँग समन्वय गरी रैथाने तथा स्थानीय पोषणयुक्त कृषि उपज उपभोग कार्यक्रम सञ्चालन गरिनेछ।

१८. एयरपोर्ट, बसपार्क र पर्यटकीय स्थलहरूमा प्रदेशमा उत्पादित बस्तुलाई प्याकेजिङ्ग गरी सहकारी र निजी क्षेत्रको सहकार्यमा "कोशेली घर" सञ्चालन गर्ने र कृषि उत्पादनहरूको ढुवानी तथा बजारीकरणको लागि कृषि एम्बुलेन्स कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१९. विभिन्न जातका खाद्यान्न बाली, तरकारी, फलफूल तथा घाँसको रैथाने तथा वर्णशंकर बिउ उत्पादन प्रवर्द्धन गरी सुदूरपश्चिम प्रदेशलाई बिउबिजनको हब बनाउने नीति लिइनेछ। यसका लागि सरकारी प्रयोगशाला, स्रोतकेन्द्र र आनुवांशिक स्रोतकेन्द्रको स्तरोन्नति तथा विकास गरिनेछ। निजी क्षेत्रबाट सञ्चालित स्रोतकेन्द्रहरूलाई प्रोत्साहन र नियमन गरिनेछ।

सुदूरपश्चिम प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
धनगढी, कैलाली, नेपाल
२०७४

२०. "कृषकलाई टेवाः घरदैलोमा प्राविधिक सेवा" को अवधारणा अनुरूप कृषि प्रसारका लागि शिविर सञ्चालन, पशु स्वास्थ्य तथा नश्ल सुधार सेवा, फलफूल बगैचा सुदृढीकरण जस्ता कार्यक्रम सञ्चालन गरिनेछ। प्रदेशको कृषि तथ्याङ्कलाई विश्वसनीय, समयबद्ध र तुलनायोग्य बनाउन संघ तथा स्थानीय तहसँगको समन्वयमा कृषि तथ्याङ्क अद्यावधिक तथा प्रमाणीकरण गरिने व्यवस्था मिलाइनेछ। योगदानमा आधारित कृषक लगानी कोषका लागि कानुनी पूर्वाधार तयार गरिनेछ।

२१. "भिमदत्त पन्त कृषि प्रवर्द्धन कार्यक्रम" अन्तर्गत कृषि क्षेत्रमा रोजगारीको अवसर सिर्जना गरी युवा पलायन रोक्ने र वैदेशिक रोजगारीबाट फर्केका युवाहरूलाई कृषि व्यवसायमा आकर्षित गर्ने, युवालाई व्यावसायिक कृषिमा आवद्ध हुन प्रेरित गर्ने, कृषि विषय अध्यापन गराउने शैक्षिक संस्थाहरूमा "पढ्दै कमाउँदै कार्यक्रम" सञ्चालन, कृषक डिजिटल पञ्जीकरण, कृषक परिचयपत्र वितरण र उत्कृष्ट कृषक पुरस्कार जस्ता कार्यक्रम सञ्चालन गरिनेछ।

२२. माटोको गुणस्तर र उर्वराशक्ति सुधारका लागि अभियानका रूपमा सुधारिएको गोठेमल, हरियो मल र गड्यौले मल उत्पादन गर्न कृषकहरूलाई प्रेरित गरिनेछ। प्राङ्गारिक प्रविधिहरूलाई बढावा दिई स्थानीय तहसँगको सहकार्यमा "अर्गानिक स्थानीय तह" घोषणा गर्ने नीति लिइनेछ। हलगोरु पालन गर्ने कृषकलाई प्रोत्साहित गरिनेछ। तरकारी तथा फलफूलहरूमा विषादीको अवशेष परीक्षण कार्यलाई बिस्तार गरिनेछ।

२३. कृषिमा जलवायु परिवर्तनको असरलाई न्यूनीकरण गर्न समानुकूलित कृषि प्रणालीको विकास कार्यक्रम सञ्चालन गरिनेछ। बहुपक्षीय सहयोग र सहकार्यमा नमूना इकोभिलेज स्थापना र सञ्चालन गरिनेछ।

२४. पशुपन्छीमा खोरेत, खरी जस्ता जुनोटिक तथा महामारीजन्य रोग नियन्त्रण गर्न "पशुपन्छी पूर्ण खोपयुक्त प्रदेश अभियान" सञ्चालन गरी जोनिङ्ग तथा कम्पार्टमेन्टलाइजेशन गरिनेछ।

२५. कृषि व्यवसायको जोखिम न्यूनीकरणका लागि, समर्थन मूल्य तोक्ने, अनुदानका सबै कार्यक्रमहरूमा कृषि, पशुपन्छी तथा मत्स्य बीमालाई अनिवार्य गरिने र प्राकृतिक

सुदूरपश्चिम प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय धनगढी, कैलाली, नेपाल २०७४

विषद्बाट हुने क्षति न्यूनीकरणका उपायहरू अवलम्बन गरिनेछ र क्षतिमा राहत कार्यक्रम सञ्चालन गरिनेछ।

माननीय सदस्यहरू

२६. प्रदेशको समग्र भूमि व्यवस्थापनका लागि एकीकृत भूमि नीति तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ। कृषिको व्यावसायीकरण गर्न चक्लाबन्दी खेती र करार खेती प्रणालीलाई प्रोत्साहन गरिनेछ। प्रविधिमा आधारित भू-सूचना प्रणाली स्थापना गरी प्रदेशभित्र रहेका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको व्यवस्थापनमा स्थानीय तह तथा सरोकारवालासँग सहकार्य गरिनेछ। मुक्त हलिया, कमैया, कमलरीको पुनःस्थापनामा प्राथमिकता दिइनेछ। विपन्न दलित, विपन्न जनजाति किसान, विपन्न एकल महिला, मुक्त कमैया, कमलरी, हलिया, राजी, बादी, राउटे समुदायहरूको जीविकोपार्जन तथा पोषण सुधारका लागि कार्यक्रम सञ्चालन गरिनेछ।

२७. सार्वजनिक-निजी-सहकारी-गैरसरकारी संस्थासँगको साझेदारीमा उत्पादन, बजारीकरण र प्रशोधनका कार्यक्रम सञ्चालन गरिनेछ । स्थानीय तह, निजी क्षेत्र, सहकारीहरूसँगको साझेदारीमा "एक जिल्ला एक कृषिजन्य उद्योग" स्थापनाका लागि पहल गरिनेछ। कृषि तथा पशुपन्छीको उत्पादन, प्रशोधन र बजारीकरणमा कृषि सहकारी संस्थाहरूको भूमिकालाई अभिवृद्धि गर्ने नीति अख्तियार गरिनेछ।

२८. सहकारी संस्थाहरूको नियमन गरी सुशासन प्रबर्द्धन गर्ने कार्यलाई प्रभावकारी बनाइनेछ। प्रदेशमा दर्ता भएका सहकारीहरूको तथ्याङ्क व्यवस्थापनलाई प्रभावकारी बनाउन विद्युतीय सूचना प्रणाली (कोपोमिस) मा अनिवार्य रूपमा आबद्ध गराइनेछ।

माननीय सदस्यहरू,

२९. "पर्यटन पूर्वाधारः समृद्ध प्रदेशको आधार" भन्ने नाराका साथ प्रदेशभरिका धार्मिक, साँस्कृतिक, ऐतिहासिक, पुरातात्विक र सीमसार तथा ताल तलैया क्षेत्रको संरक्षण, विकास र प्रवर्द्धनका लागि **"बाकावीर पर्यटन प्रवर्द्धन कार्यक्रम"** सञ्चालन गरिनेछ। देवाटवी धार्मिक पर्यटन सर्किटको निर्माण कार्य प्रारम्भ गरिनेछ।



सुदूरपश्चिम प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय धनगढी, कैलाली, नेपाल २०७४

३०. राजनीतिक, सामाजिक, सांस्कृतिक क्षेत्रमा उच्च योगदान पुऱ्याई सुदूरपश्चिम प्रदेशलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा चिनाउने कार्य गरेका व्यक्तिहरूको जीवनी र योगदानका सम्बन्धमा अध्ययन, दस्तावेजीकरण, डकुमेन्ट्रि निर्माण र प्रशारण एवं प्रकाशन गरिनेछ।

३१. ऐतिहासिक, पुरातात्विक, धार्मिक एवं साँस्कृतिक मूर्त तथा अमूर्त सम्पदाहरूको प्रदेशस्तरीय इन्भेन्ट्री तयार गरी एकीकृत विकास र संरक्षणको मोडल लागु गरिनेछ।

३२. खप्तड, बडिमालिका, दार्चुला माल्लिकार्जुन शिखर, सिगासधाम, रामारोशन लगायतका पर्यटकीय स्थलहरूको विकासका कार्यक्रम सञ्चालन र ती स्थानहरूमा केबुलकार स्थापनाका लागि सम्भाव्यता अध्ययन गरिनेछ।

३३. साहसिक खेल तथा पर्यटनको प्रवर्द्धनका लागि पूर्वाधार तयार गर्ने र होटल, लज, हिल स्टेसन सञ्चालनमा निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ। संघ, प्रदेश, स्थानीय तह र निजी क्षेत्रको समन्वय र सहभागितामा पर्यटन महोत्सव आयोजना गरिनेछ।

३४. होमस्टे व्यवस्थापन, नेचरगाइड, कुक तथा हस्पिटालिटी जस्ता पर्यटन व्यवसायसँग सम्बन्धित सीप विकास तालिम सञ्चालन गरिनेछ। डल्फिन पार्क जस्ता नविन पर्यटन व्यवसाय स्थापनाका लागि आवश्यक पूर्वाधार तयार गरिनेछ। पर्यटन डिजिटल पोर्टल सञ्चालन गरिनेछ।

३५. पर्यापर्यटन विकासका लागि प्रदेशका हिमशिखर, हिमताल र झरना लगायतका प्राकृतिक सम्पदा संरक्षण गर्ने नीति लिइनेछ। प्रादेशिक पर्यटन प्रवर्द्धन बोर्ड स्थापनाका लागि आवश्यक कानुनी व्यवस्था मिलाइनेछ।

माननीय सदस्यहरू

३६. "सामुदायिक वन, प्रदेशको धन" भन्ने नाराका साथ वन पैदावारलाई आर्थिक विकास एवम् स्थानीय रोजगारीको साधनको रूपमा उपयोग गर्ने नीति लिइनेछ। दिगो विकासको अवधारणा बमोजिम वनक्षेत्रको व्यवस्थापन गरी उत्पादन र उत्पादकत्व अभिवृद्धि गरिनेछ। स्थानीय, रैथाने, लोपोन्मुख प्रजाति र उच्चमूल्यका जडिबुटीको खोज



सुदूरपश्चिम प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय धनगढी, कैलाली, नेपाल २०७४

तथा अनुसन्धान, उत्पादन, प्रशोधन र बजारीकरणका माध्यमबाट मूल्य श्रृङ्खला निर्माण गर्न जडिबुटीको जोन र पकेट क्षेत्र, जडिबुटी प्रशोधन, अनुसन्धान र प्रमाणीकरण केन्द्र स्थापनाको कार्य अगाडि बढाइनेछ।

३७. चुरे लगायतका संवेदनशील जलाधारहरूको प्रभावकारी र दिगो ब्यवस्थापनका लागि भू-संरक्षण कार्यक्रम, एकीकृत जलाधार ब्यवस्थापन कार्यक्रम र आकस्मिक जल उत्पन्न प्रकोप न्यूनीकरण कार्यक्रम सञ्चालन गरिनेछ। वन तथा वातावरण विषयसँग सम्बन्धित विद्यार्थीहरूका लागि अध्ययन, अनुसन्धान र ईन्टर्नशिप कार्यक्रम सञ्चालन गरिनेछ।

३८. वन पैदावारको सदुपयोग मार्फत राजश्व अभिवृद्धि गरी प्राप्त हुने लाभको न्यायोचित बाँडफाँड गर्न कानुनी व्यवस्था मिलाइनेछ। प्रदेशस्थित सार्वजनिक निकायका पूर्वाधार निर्माण तथा कार्यालय फर्निचर निर्माणमा स्वदेशी काठको प्रयोगलाई प्राथमिकता दिइनेछ। डिजिटल उड कार्भिङ प्रविधि उपयोगका माध्यमबाट काष्ठकलामा आधारित उद्योगहरूको स्तरीकरण गरिनेछ।

३९. गरीब, विपन्न तथा सीमान्तकृत वर्गलाई प्रत्यक्ष लाभ पुग्ने गरी कबुलियती वन, कृषि वन र जीविकोपार्जन कार्यक्रम सञ्चालन गरिनेछ। मानव-प्रकृति सहअस्तित्व कायम गर्न मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरण, डढेलो नियन्त्रण र वन्यजन्तु उद्धारका लागि निरोधात्मक, प्रवर्धनात्मक  र उपचारात्मक उपायहरू अवलम्बन गरिनेछ। वन्यजन्तु उद्धार केन्द्र स्थापना गर्न सामुदायिक वन उपभोक्ता समूहहरूको क्षमता र सुशासन अभिवृद्धि गरिनेछ।

४०. वनक्षेत्रमा हुने अतिक्रमण नियन्त्रण गरी विगतमा भएका अतिक्रमणलाई समेत हटाइनेछ। हरियाली प्रवर्द्धनका लागि नर्सरी सञ्चालन तथा विरुवा उत्पादन, वृक्षारोपण, मेमोरी पार्क लगायतका कार्यक्रमलाई विस्तार गरिनेछ। सम्बर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन कार्यविधि तयार गरी लागु गरिनेछ।

४१. स्थानीय तह तथा विकास साझेदारहरूको सहकार्यमा जलवायु उत्थानशील पारिस्थितीय प्रणालीमा आधारित अनुकूलन कार्यक्रम सञ्चालन गरिनेछ। जलवायु

सुदूरपश्चिम प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
धनगढी, कैलाली, नेपाल
२०७४

उत्थानशीलता सुनिश्चित गर्न वर्षातको पानी संकलन तथा व्यवस्थापन प्रणालीमा परम्परागत ज्ञान, अभ्यास र स्थानीय स्रोतहरूलाई आधुनिक प्रविधिहरूसँग एकीकृत गरिनेछ।

माननीय सदस्यहरू,

४२. आर्थिक, सामाजिक, मानवीय तथा भौतिक विकासको अवस्था जस्ता सूचकहरूका आधारमा भौगोलिक सन्तुलन एवं समावेशिता कायम हुने गरी पूर्वाधार विकासका आयोजना सञ्चालन गर्ने नीति लिइनेछ। आयोजना छनौट र प्राथमिकीकरण गर्दा प्रत्यक्ष रोजगारी सिर्जना गर्ने, उद्योग, वाणिज्य तथा व्यापार-लजिष्टिक प्रवर्द्धन गर्न मद्दत पुर्‍याउने तथा प्रदेशभित्रको आन्तरिक आपूर्ति प्रणालीलाई चुस्त बनाउन योगदान गर्ने खालका आयोजनाहरूलाई प्राथमिकता दिइनेछ।

४३. प्रदेशस्तरीय आयोजनाहरूको विस्तृत परियोजना प्रतिवेदन, सम्भाव्यता तथा वातावरणीय अध्ययन लगायतका पूर्वतयारी सम्पन्न भएका आयोजनाहरूलाई योजना बैंकमा समावेश गरिनेछ। आयोजनाहरूको लगानी र प्रतिफललाई सुनिश्चित गर्नको लागि "आयोजना जीवन चक्र" को अवधारणामा आयोजनाको पूर्व तयारी, निर्माण र निर्माण पश्चातको व्यावसायिक योजना तयार गरी सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ। विनियोजन कुशलता कायम गर्दै विकास आयोजनाहरूको छनौट तथा कार्यान्वयनमा स्थानीय तहका जनप्रतिनिधि तथा प्रदेश सभाका सदस्यहरूको प्राथमिकतालाई सम्बोधन गर्ने गरी योजना तर्जुमा प्रकृयालाई सहभागितामूलक बनाइनेछ।

४४. समयमै निर्धारित गुणस्तरमा परियोजना कार्यन्वयन गरी पुँजीगत खर्च वृद्धि गर्न सम्पूर्ण सरकार (Whole of the Government) को अवधारणा अनुसार सबै मन्त्रालय एवं निकायहरूबाट एकीकृत पहल गरिनेछ।

४५. प्रदेश गौरवका आयोजना र बहुवर्षीय ठेक्का सम्झौता भई वित्तीय दायित्व सिर्जना भएका आयोजनाहरूको कार्य सम्पन्न गरिनेछ। बाँकी रहेका कार्यको सम्बन्धमा समीक्षा तथा मूल्याङ्कन गरी पुनरावलोकन वा निरन्तरता दिने नीति लिइनेछ ।

४६. भूकम्प, जलउत्पन्न र अन्य प्राकृतिक प्रकोपबाट क्षतिग्रस्त तथा अधुरा रहेका सार्वजनिक पूर्वाधारहरू सबलीकरण, पुननिर्माण तथा पुनःस्थापना कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ। प्रदेशका ठूला नदीहरूमा बाढीको कारणबाट भइरहेको जग्गा कटानलाई नविन प्रविधिमा आधारित एकीकृत नदी नियन्त्रण तथा व्यवस्थापन गर्ने नीति लिइनेछ। प्रदेशका ठूला नदीहरूमा रिभर वेसिन आयोजनाको सम्भाव्यता अध्ययन गरी कार्यक्रम सञ्चालन गरिनेछ।

४७. आयोजना कार्यान्वयनबाट वातावरणमा पर्न जाने नकारात्मक असर तथा जलवायु परिवर्तनको असर कम गर्न वायोइन्जिनियरिङ्ग एवम् प्रकृतिमा आधारित समाधान प्रविधिको प्रयोग गरिनेछ।

४८. जलवायु परिवर्तनका कारण सतही जलस्रोतहरूको क्षमतामा हुँदै गएको ह्रासलाई मध्यनजर गर्दै जलस्रोतको पुनर्भरण र स-साना जलासययुक्त बहुउद्देश्यीय आयोजना कार्यान्वयन गर्ने नीति लिइनेछ। कृषियोग्य जमिनमा बाह्रै महिना भरपर्दो सिंचाइ सुविधा विस्तार गर्न भूमिगत र सतही जलस्रोतका अतिरिक्त लिफ्टिङ्ग आयोजना सञ्चालन गरी सिंचाइ सुविधा सुनिश्चित गर्ने नीति लिइनेछ।

४९. विद्युत उत्पादनमा प्रदेश सरकार र निजी क्षेत्रको लगानीलाई प्रोत्साहन गर्न नीतिगत, कानुनी र संरचनागत व्यवस्था गरी सार्वजनिक-निजी सहकार्यलाई प्रोत्साहन गरिनेछ। प्रदेशमा रहेका लघु तथा साना जलविद्युत प्रणालीलाई राष्ट्रिय प्रसारण लाइनमा जोड्न र उत्पादन तथा रोजगार वृद्धि हुने क्षेत्रमा विद्युत खपत गर्न प्रेरित गरिनेछ । नवीकरणीय ऊर्जाका रूपमा सौर्य र वायु ऊर्जाको विकास गरी उर्जामा नागरिकको पहुँच बढाउने कार्यक्रमलाई निरन्तरता दिइनेछ। बेतन कर्णाली लगायत अन्य जलविद्युत आयोजनाहरूमा सङ्घीय सरकारसँगको सहकार्यमा निर्माण कार्यका लागि अग्रसरता लिइनेछ।

५०. प्रदेशभरि सबैका लागि सुरक्षित खानेपानी सुनिश्चित गर्न र पूर्ण सरसफाइयुक्त प्रदेश बनाउन स्थानीय तह, राष्ट्रिय/अन्तराष्ट्रिय गैरसरकारी संस्था र निजी क्षेत्रसँगको समन्वय र सहकार्यमा जलाधारदेखि उपभोक्ताको धारासम्म शुद्ध पिउने पानी आपूर्ति

सुदूरपश्चिम प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय धनगढी, कैलाली, नेपाल २०७४

कार्यक्रमलाई निरन्तरता दिइनेछ। खानेपानीका स्रोत नभएको बस्तीहरूका लागि लिफ्टिङ्ग खानेपानी परियोजनाहरू सञ्चालन गरिनेछ।

५१. संघ, प्रदेश र स्थानीय तहको सहकार्यमा प्रादेशिक सडक सञ्जाल गुरुयोजनामा समावेश भएका सडक, सडक सञ्जालमा नजोडिएका स्थानीय तहको केन्द्र जोड्ने सडक र त्यस्ता सडकमा पर्ने पुललाई उच्च प्राथमिकतामा राखी निर्माण गरिनेछ ।

५२. सडक सुविधा नपुगेका दुर्गम एवम् ग्रामीण क्षेत्रमा आधारभूत सेवालाई सहज, पहुँचयोग्य एवम् सुरक्षित बनाउन संघ, प्रदेश र स्थानीय तहको समन्वय र सहकार्यमा झोलुङ्गे पुल निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।

५३. निर्मित सडकको नियमित, आवधिक र आपतकालीन मर्मत कार्यलाई निरन्तरता दिई संघ, प्रदेश र स्थानीय तहको समन्वय र सहकार्यमा सडक सम्पत्तिको व्यवस्थापन कार्यलाई उच्च प्राथिमकता दिइनेछ। सडक दुर्घटना न्यूनीकरणका लागि सडक सुरक्षाको विषयलाई आयोजना डिजाइन, कार्यान्वयन र सञ्चालनमा समावेश गरिनेछ। हाल सञ्चालनमा रहेका प्रमुख सडकहरूको सेफ्टि अडिट गरिनेछ।

५४. नेपाल विद्युत प्राधिकरण र स्थानीय तहसँग समन्वय र सहकार्य गरी शहरी क्षेत्रमा सडक बत्ती जडान र व्यवस्थापन गरिनेछ।

५५. यातायातका वैकल्पिक माध्यमका रूपमा विकास भैरहेको रोपवे, केबुलकार, पोडवे लगायत सडक निर्माणमा अन्य नवप्रवर्तनकारी प्रविधि अवलम्बन गर्ने सम्बन्धमा सम्भाव्यता अध्ययन गरिनेछ।

५६. प्रादेशिक आवास नीति तयार गरी अति विपन्न तथा सीमान्तकृत वर्ग र विपद् प्रभावित नागरिकका लागि जनता आवास कार्यक्रम सञ्चालन गरिनेछ। शहरकेन्द्रित बसाइँसराइलाई व्यवस्थित गर्न एकीकृत बस्ती विकास योजना लागु गरिनेछ। डुवानमा पर्नसक्ने बसोबास रहेको क्षेत्रमा शहरी ढल निकास गुरुयोजना निर्माण गरी कार्यान्वयन गरिनेछ।

सुदूरपश्चिम प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय धनगढी, कैलाली, नेपाल २०७४

५७. सरकारी तथा सार्वजनिक संस्थाका भवनहरूको निर्माण, मर्मत तथा संरक्षण गर्ने कार्यलाई निरन्तरता दिइनेछ। प्रदेश राजधानी तथा मन्त्रालय र प्रदेश सभाका भवन तथा प्रशासनिक पूर्वाधारहरू निर्माण गर्ने कार्यको थालनी गरिनेछ।

५८. सूचना प्रविधिमा आधारित सवारीचालक अनुमतिपत्र, सवारी साधन दर्ता, नवीकरण र राजश्व भुक्तानी लगायतका सेवाहरूलाई अनलाइन प्रणालीमा आबद्ध गरिनेछ। सवारी साधन र सवारीचालक अनुमतिपत्र सम्बन्धी अभिलेखको डिजिटाइजेसन र आर्काइभिङ गरिनेछ। सवारी साधन दर्ता, नवीकरण लगायतका अन्य नियमनकारी कार्यका लागि यातायात कार्यालयको सेवा विस्तार गरिनेछ।

५९. तीनै तहका सरकार र निजी क्षेत्रबीचको समन्वय र सहकार्यमा सार्वजनिक यातायात सेवालाई सर्वसुलभ, सुरक्षित एवं भरपर्दो र वातावरणमैत्री बनाइनेछ। प्रदेश सार्वजनिक यातायातको भाडादर स्वचालित प्रणाली बमोजिम समायोजन गर्ने व्यवस्था मिलाइनेछ।

माननीय सदस्यहरू,

६०. "मुख्यमन्त्री स्वास्थ्य सुधार तथा पोषण सुरक्षा कार्यक्रम" अन्तर्गत प्रदेश सरकारका अस्पतालहरूमा प्रयोगशाला, आकस्मिक सेवा, शल्यक्रिया तथा सघन उपचार कक्ष, निःशुल्क रक्त सेवा, फार्मेसी, रेडियोलोजी, फिजियोथेरापी लगायतका अत्यावश्यक सेवालाई थप स्तरोन्नति गर्दै जिल्लामा विशेषज्ञ चिकित्सा सेवाहरूको क्रमशः विस्तार एवं विकास गरिनेछ। साथै रैथाने बालीमा आधारित पोषण कार्यक्रम सञ्चालन गरिनेछ।

६१. "स्वास्थ्यमा प्रविधिः समृद्धिमा गति" भन्ने नारा सहित विशेषज्ञ चिकित्सा सेवाको पहुँच बढाउन टेलिहेल्थ कार्यक्रम सञ्चालन गर्दै प्रदेश मातहतका अस्पतालहरूमा इलेक्ट्रोनिक मेडिकल रेकर्ड, अनलाइन टिकट र डिजिटल भुक्तानी प्रणाली क्रमिक रूपमा जिल्ला अस्पतालसम्म विस्तार गरिनेछ।

६२. "सबै आमाको हकः सुरक्षित गर्भ-सुरक्षित जीवन" भन्ने नारा सहित महिलाको प्रजनन स्वास्थ्य अवस्थामा सुधार गर्दै शिशु तथा मातृ मृत्युदर न्यूनीकरण गरिनेछ। आङ



सुदूरपश्चिम प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
धनगढी, कैलाली, नेपाल
२०७४

खस्ने लगायत अन्य रुग्णताको समयमै पहिचान गर्न विषेशज्ञ सहितको एकीकृत स्वास्थ्य शिविर सञ्चालन गरी थप उपचार र प्रेषणको व्यवस्था मिलाइनेछ।

६३. स्थानीय तहसँगको सहकार्यमा शारीरिक अपाङ्गता र अटिजम लगायतका बौद्धिक अपाङ्गता भएका बालबालिकाहरूको स्क्रिनिङ्ग, परामर्श सेवा, सहायक सामग्री वितरण र समुदायमा आधारित पुनर्स्थापना लगायतका क्षेत्रमा आवश्यक सहयोग गरिनेछ।

६४. मानसिक स्वास्थ्य सेवालाई प्रदेशका सम्पूर्ण अस्पतालसम्म विस्तार गर्दै लगिनेछ। महाकाली र टीकापुर अस्पतालमा मानसिक स्वास्थ्यको इकाइ स्थापना गरी प्रादेशिक अस्पतालहरूबाट मानसिक स्वास्थ्य सेवा र अध्ययन कार्यलाई निरन्तरताका लागि आवश्यक व्यवस्था मिलाइनेछ। मनोपरामर्श सेवा र विद्यालय नर्स कार्यक्रमलाई स्थानीय तहसँगको सहकार्यमा सञ्चालन गरिनेछ।

६५. कैलाली र कञ्चनपुरमा सिकलसेल एनिमिया, थालासेमिया, हेमोफिलिया जस्ता रोगहरूको पहिचान, निदान र उपचारको व्यवस्थाका लागि "घोरीघोरा स्वास्थ्य उपचार कार्यक्रम" लाई निरन्तरता दिइनेछ। सेती, महाकाली र टीकापुर अस्पतालबाट प्रदान गरिदै आएको डायलसिस सेवालाई थप सुदृढ गर्दै अन्य अस्पतालहरूमा विस्तार गरिनेछ।

६६. आकस्मिक अवस्थामा ज्यान जोखिमबाट बचाउनका लागि विद्यार्थी, सुरक्षाकर्मी र सवारी चालकहरूलाई प्राथमिक उपचार र बेसिक लाइफ सपोर्ट लगायतका सीप सिकाउने व्यवस्था गरिनेछ।

६७. आधारभूत अस्पतालहरूबाट प्रवाह हुने सेवालाई स्तरोन्नति गर्दै स्थानीय तहबाट सञ्चालित डडेलधुराको जोगबुढा, दार्चुलाको गोकुलेश्वर, कञ्चनपुरको बेलौरी, कैलालीको लम्कीचुहा र बाजुराको कोल्टी अस्पतालहरूलाई प्रदेश तहको अस्पतालको रूपमा स्तरोन्नति गर्दै लगिनेछ। बयालपाटा अस्पतालको स्वामित्व र व्यवस्थापन प्रदेश सरकार मातहत ल्याउन कानुनी प्रबन्ध गरी प्रदेशस्तरको अस्पतालको रूपमा सञ्चालन गर्न आवश्यक प्रबन्ध मिलाइनेछ।

६८. प्रदेश सरकार र स्थानीय तहको साझेदारीमा स्थानीय तहमा प्रदेश नमुना स्वास्थ्य संस्थाको विकास गर्ने कार्यको सुरुवात गरिनेछ। गुणस्तरीय स्वास्थ्य सेवा सुनिश्चितताका लागि निजी अस्पताल, क्लिनिक, फार्मेसी, प्रयोगशाला लगायतका स्वास्थ्य संस्थाहरूको अनुगमन गर्ने प्रणालीलाई थप व्यवस्थित र सुदृढीकरण गरिनेछ।

६९. आयुर्वेद अस्पताल तथा आयुर्वेद स्वास्थ्य केन्द्रको स्तरोन्नति गरी वैकल्पिक चिकित्सा प्रणालीलाई सुदृढीकरण गर्ने तथा प्रदेशस्तरमै आयुर्वेद औषधी उत्पादन केन्द्र स्थापना गरिनेछ।

७०. स्वास्थ्य क्षेत्रमा देखा पर्ने आपतकालीन अवस्था, महामारी तथा किटजन्य रोगहरू प्रकोपको नियन्त्रण र व्यवस्थापनका लागि बहुपक्षीय सहकार्यमा आवश्यक प्रबन्ध मिलाइनेछ। महामारीले मानव स्वास्थ्यमा पार्न सक्ने प्रभावलाई न्युनीकरण गर्न संघ तथा स्थानीय तहको सहकार्यमा “एक स्वास्थ्य रणनीति” लाई कार्यान्वयनमा ल्याइनेछ।

७१. प्रादेशिक अस्पतालहरूमा रहेका जेरियाट्रीक इकाइहरूको स्तरोन्नति गर्दै सेती, महाकाली र टीकापुर अस्पतालहरूबाट एकल महिला, ‘क’ वर्गको अपाङ्गता भएका व्यक्ति तथा जेष्ठ नागरिकहरूलाई निःशुल्क परीक्षण र औषधी व्यवस्थापन लाई निरन्तरता दिइनेछ।

७२. “प्रदेशको समृद्धिका लागि स्वस्थ नागरिक” भन्ने नाराका साथ बालबालिका, किशोर किशोरी, गर्भवती र सुत्केरी महिलाहरूको पोषण अवस्था सुधारका लागि विद्यालय र समुदायमा आधारित स्वास्थ्य तथा पोषण प्रवर्द्धनका कार्यक्रमहरू लागु गरिनेछ। दुर्गम क्षेत्रका स्थानीय तहहरूमा नागरिक स्वास्थ्य परीक्षण शिविरहरू सञ्चालन गरिनेछ।

७३. “एक घण्टा आफ्नै लागि” भन्ने नारा अनुरूप स्थानीय तह, निजी तथा गैरसरकारी क्षेत्रको सहकार्यमा सार्वजनिक स्थानहरूमा खुला व्यायामशाला, आरोग्य केन्द्र, प्राकृतिक चिकित्सा, जुम्बा, ध्यान एवं योग केन्द्र, विपश्यना आदि स्थापना र सञ्चालन गरिनेछ।

७४. “जयपृथ्वीबहादुर सिंह शैक्षिक पूर्वाधार विकास तथा विद्यालय शिक्षा गुणस्तर सुधार कार्यक्रम” मार्फत प्रत्येक प्रदेश सभा निर्वाचन क्षेत्रका एक-एक वटा माध्यमिक

सुदूरपश्चिम प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय धनगढी, कैलाली, नेपाल २०७८

विद्यालयहरूलाई प्रदेश नमूना विद्यालयका रूपमा विकास गरिनेछ। विगतका वर्षहरूमा निर्माण शुरू गरी सम्पन्न हुन नसकेका विद्यालयका भौतिक पूर्वाधार सम्बन्धी आयोजनाहरू सम्पन्न गरिनेछ। प्रत्येक स्थानीय तहमा एक-एक वटा बालविकास केन्द्रलाई नमूना वालविकास केन्द्रको रूपमा विकास गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

७५. अपाङ्गता भएका तथा सीमान्तकृत वर्गका बालबालिका लक्षित प्रोत्साहनमूलक कार्यक्रम मार्फत शिक्षालाई सर्वसुलभ एवम् समावेशी बनाइनेछ। कञ्चनपुरको बेलौरीमा बौद्धिक अपाङ्गता भएका वालबालिकाहरूको लागि आवासीय सुविधा सहितको विद्यालय सञ्चालनमा ल्याइनेछ। ब्रेल लिपी तथा सांकेतिक भाषामा शिक्षा प्रदान गर्न आवश्यक व्यवस्था मिलाइनेछ।

७६. छात्रावासहरूमा विपन्न दलित विद्यार्थीका लागि निश्चित कोटा निर्धारण गरी प्राथमिकता दिने नीति लिइनेछ। अनाथालय, दलित तथा विपन्न वर्गका विद्यार्थीहरूका लागि प्राथमिकता दिनेगरी छात्राबास निर्माण तथा सञ्चालन गरिनेछ। बादी समुदायका बालबालिकाहरूको लागि "बादी उत्थान छात्रवृत्ति कार्यक्रम" लाई निरन्तरता दिइनेछ।

७७. कमजोर आर्थिक सामाजिक अवस्थाका जेहेन्दार विद्यार्थीलाई उच्च शिक्षा र चिकित्सा शिक्षातर्फ एमविविएस/एमडी तहको अध्ययन गर्न छात्रवृत्ति दिने कार्यकमलाई निरन्तरता दिइने र यसरी छात्रवृत्तिमा अध्ययन पूरा गरेका विद्यार्थीहरूलाई प्रदेशको स्वास्थ्य सेवामा परिचालन गर्न कानुनी तथा नीतिगत प्रबन्ध गरिनेछ ।

७८. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम सम्बन्धी प्रादेशिक रणनीति तर्जुमा गरिनेछ। औद्योगिक प्रशिक्षार्थी तालिम सञ्चालन र पूर्वसिकाइलाई मान्यता दिन सीप परीक्षण गरिनेछ। प्राविधिक शिक्षाको गुणस्तर सुधारका लागि शिक्षालयहरूको क्षमता अभिवृद्धि र डिजिटल कक्षा कार्यक्रमहरू कार्यान्वयनमा ल्याइनेछ। प्रादेशिक जनशक्ति योजना तर्जुमा गरिनेछ।

७९. टीकापुर विज्ञान तथा प्रविधि विश्वविद्यालय स्थापनाको लागि कानुन तर्जुमा र जग्गा प्राप्ति सम्बन्धी कार्य सम्पन्न गरी पूर्वाधार निर्माण शुरू गरिनेछ।

सुदूरपश्चिम प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय धनगढी, कैलाली, नेपाल २०७४

८०. उच्च शिक्षालाई अनुसन्धानमूलक बनाउन सुदूरपश्चिम विश्वविद्यालयसँगको सहकार्यमा अनुसन्धान एवम् नवप्रवर्तन कार्यक्रम सञ्चालन गरिनेछ। प्रत्येक जिल्लामा एक-एक वटा नमूना क्याम्पस सञ्चालन सम्बन्धी नीतिगत र कानुनी प्रबन्ध गरिनेछ।

८१. शिक्षकको पेशागत क्षमता विकास सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्न शिक्षा तालिम केन्द्रको संस्थागत सुदृढीकरण गरिनेछ। नवप्रवेशी शिक्षक र प्रदेश तथा स्थानीय तहका शिक्षा सम्बद्ध जनशक्तिको क्षमता विकासका लागि तालिम सञ्चालन गरिनेछ। माध्यमिक तहका विद्यार्थीहरूलाई लक्षित गरी शिक्षा तालिम केन्द्रबाट करियर काउन्सिलिङ सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।

८२. प्रदेश भित्रका भाषा, संस्कृति, कला-साहित्यको पहिचान, संरक्षण र सम्वर्द्धन गर्न सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठानलाई सबलीकरण गरिनेछ। सामुदायिक तथा सार्वजनिक पुस्तकालयहरूका लागि प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गरिनेछ। स्थानीय तहसँग सहकार्य गर्दै थारू, जनजाति, दलित लगायतका समुदायको सशक्तीकरण र परम्परागत लोक संस्कृति, सीप, कला र साहित्यको सम्बर्द्धन गरिनेछ।

८३. प्रदेशमा निर्माण गरिएका संग्रहालयहरू स्थानीय तहहरूसँगको सहकार्यमा सञ्चालन गरिनेछ। प्रदेशभित्र रहेका ऐतिहासिक, पुरातात्विक तथा सांस्कृतिक महत्वका सम्पदाहरूको खोज र अन्वेषण गरी अभिलेखीकरण गरिनेछ। कञ्चनपुरमा "झुसे दमाई सांस्कृतिक संग्रहालय" को स्थापना र सञ्चालन गरिनेछ।

८४. प्रदेश खेलकुद नीति तर्जुमा गरी खेलकुद क्षेत्रको संस्थागत विकास गरिनेछ। प्रदेश भित्रका सबै जिल्लाहरूमा क्रमशः कवर्डहल र रंगशाला निर्माण र स्तरोन्नति गर्दै लगिनेछ। राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरका खेलकुद प्रतियोगितामा उत्कृष्ट भई पदक प्राप्त गर्ने प्रदेशका खेलाडीहरूलाई विशेष सम्मान सहित प्रोत्साहन गरिनेछ। खेलकुदलाई पर्यटनसँग आवद्ध गरी पर्यटन प्रवर्द्धन गर्न प्रदेशस्तरीय खेलकुद प्रतियोगिताहरू आयोजना गरिनेछ। क्रिकेट खेलको सम्भावना र अवसरलाई मध्यनजर गरी एक प्रदेशस्तरीय स्पोर्टस् स्कूल स्थापना र एक जिल्ला एक क्रिकेट खेल मैदान निर्माण गरिनेछ।

८५. स्नातक र स्नातकोत्तर तह पुरा गर्ने चरणमा रहेका इच्छुक विद्यार्थीहरूलाई इन्टर्नसिप र स्वयंसेवकको रूपमा परिचालन गरिनेछ।

८६. प्रदेशको शिक्षा क्षेत्रको योजनावद्ध विकासका लागि प्रादेशिक शिक्षा नीति, शिक्षा योजना र रणनीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

८७. विज्ञान तथा प्रविधि र सूचना प्रविधि अध्यापन गराउने क्याम्पसहरूलाई प्रदान गर्दै आएको प्रोत्साहनलाई निरन्तरता दिइनेछ। प्रदेश भित्रका विश्वविद्यालय तथा क्याम्पसमा उच्च शिक्षा अध्ययन गर्ने सुदूरपश्चिमका लक्षित विद्यार्थीहरूलाई छात्रवृत्ति दिइनेछ। प्रदेश भित्रका नवप्रवर्तन तथा युवा वैज्ञानिक प्रोत्साहन कार्यक्रम लागु गरिनेछ। "लोकराज ढकाल युवा सशक्तीकरण तथा लागु औषध दुर्व्यसन नियन्त्रण कार्यक्रम" लागु गरिनेछ।

माननीय सदस्यहरू

८८. कार्यस्थलमा हुने लैङ्गिक हिंसा अन्त्य, कामदारहरूको व्यवसायजन्य सुरक्षा, स्वास्थ्य परीक्षण तथा परामर्श, उद्यमशीलताको विकास र उत्कृष्ट श्रमिक उद्यमी पहिचान गरी पुरस्कृत गर्न आवश्यक नीति, कार्यविधि तथा मापदण्ड तर्जुमा गरिनेछ।

८९. स्थानीय तहसँग समन्वय गरी श्रमिकहरूको पञ्जीकरण, श्रम अडिट तथा सामाजिक सुरक्षा सम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिनेछ। सार्वजनिक तथा निजी क्षेत्रका श्रमिकहरूलाई सार्वजनिक सुरक्षा कोषमा आवद्ध गरिने र बालश्रमको अन्त्य गर्न आवश्यक नीतिगत व्यवस्था गरी अनुमगन सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।

९०. सुदूरपश्चिम प्रदेशमा रहेका कलकारखाना र उद्योग प्रतिष्ठानहरूमा काम गर्ने अदक्ष, अर्धदक्ष र दक्ष श्रमिकहरूको माग र आपूर्ति सम्बन्धी तथ्याङ्क संकलन, अध्ययन, सर्वेक्षण जस्ता कार्यक्रम गरी अभिलेखीकरणका लागि रोजगार पोर्टल तयार गरिनेछ।

९१. "स्वस्थ्य बालबालिका, सबल नारी र सम्मानित जेष्ठ नागरिकः सुदूरपश्चिमको प्रतिबद्धता" भन्ने नाराका साथ महिला, बालबालिका तथा जेष्ठ नागरिक दशक (२०८२-२०९२) कार्यक्रम सञ्चालन गरिनेछ।

सुदूरपश्चिम प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय धनगढी, कैलाली, नेपाल २०७४

९२. बालबालिका तथा किशोरकिशोरी बिरुद्ध हुने सबै प्रकारका हिंसाको अन्त्य गरिनेछ। बालबालिका सम्बन्धी नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ। स्थानीय तहसँगको साझेदारीमा "सानै छु म बढ्न देऊ, बाल विवाह होईन पढ्न देऊ" अभियानलाई निरन्तरता दिइनेछ। किशोरी शिक्षा र जीवनोपयोगी सीप विकास कार्यक्रम सञ्चालन गरिनेछ।

९३. महिला विरुद्ध हुने सबै प्रकारका हिंसा र दुर्व्यवहारको अन्त्यका लागि संरक्षणात्मक र निरोधात्मक उपायहरू अवलम्बन गरिनेछ। हिंसा पिडित महिला तथा बालबालिकाको संरक्षणका लागि प्रदेश स्तरीय एकीकृत हिंसा पिडित संरक्षण कोष स्थापना गरिनेछ। पुनर्स्थापना केन्द्र सञ्चालनमा सहयोग गरिनेछ।

९४. "द्वारिकादेवी ठकुरानी महिला आत्मनिर्भरता एवं सशक्तीकरण कार्यक्रम" मार्फत महिलाहरूलाई उद्यम र रोजगारतर्फ प्रोत्साहित गरिनेछ। लैङ्गिक हिंसा विरुद्ध एकीकृत कानुन तर्जुमा गरिनेछ। मानव वेचविखन तथा ओसारपसार नियन्त्रणका प्रभावकारी कदम चालिनेछ।

९५. विपन्न, संकटग्रस्त, द्वन्द्वपिडित एवं वञ्चितीकरणमा परेका व्यक्तिहरूका लागि "जयराज भट्ट क्षमता विकास कार्यक्रम" सञ्चालन गरिनेछ।

९६. दलित समुदायको राजनीतिक, आर्थिक र सामाजिक क्षेत्रको अध्ययन गरी समुदायको विकास र उत्थान सम्बन्धी गुरुयोजना तयार गरिनेछ। दलित समुदाय विकास तथा उत्थान समिति गठन गरी दलित समुदायको परम्परागत सीप तथा व्यवसायलाई आधुनिकीकरण गर्न "टिकाराम पार्की दलित सशक्तीकरण कार्यक्रम" सञ्चालन गरिनेछ।

९७. सार्वजनिक, निजी तथा गैरसरकारी क्षेत्रको सहयोगमा सहयोगापेक्षी मानिसहरूको उद्धार, पुनर्स्थापना र संरक्षणको कार्य सञ्चालन गरिनेछ। यस कार्यमा व्यावसायिक सामाजिक दायित्व अन्तर्गत व्यावसायिक प्रतिष्ठानहरूलाई साझेदारी गर्न प्रेरित गरिनेछ।

माननीय सदस्यहरू,

९८. प्रदेश सभाको संस्थागत सुदृढीकरणका लागि आवश्यक व्यवस्था मिलाइनेछ। प्रदेश सभा तथा विषयगत समितिका काम कारवाहीहरूलाई डिजिटलाइजेशन गर्न आवश्यक पूर्वाधार निर्माण गरिनेछ। प्रदेश सभाका सदस्यहरूको बीमा गर्न आवश्यक प्रबन्ध मिलाइनेछ।

९९. संसदीय काम कारवाहीलाई जनतासम्म पुर्‍याई पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्न जोड दिइनेछ। प्रदेश सभा र सभाका समितिहरूको काम कारवाही एवं गतिविधिलाई नागरिक समक्ष सम्प्रेषण गर्न सभाको बैठकको प्रत्यक्ष प्रशारण गरिने कार्यलाई थप प्रभावकारी बनाइनेछ।

१००. तर्जुमा भएका प्रदेशका कानुनको विद्युतीय अभिलेख व्यवस्थित गर्न आवश्यक व्यवस्था मिलाइनेछ। प्रदेश तहका जनप्रतिनिधि तथा कर्मचारीलाई कानुन तर्जुमा सम्बन्धी क्षमता विकास गरिनेछ। प्रदेश सरकारले तर्जुमा गर्ने कानुन निर्माण प्रकृयामा लैङ्गिक मूल प्रवाहीकरण, सामाजिक समावेशीकरण र दिगो विकासका अवधारणाहरूलाई आन्तरिकीकरण गरिनेछ।

माननीय सदस्यहरू,

१०१. उद्यमशीलता विकासमार्फत प्रदेशमा रोजगार एवम् राजश्वका स्रोत र सम्भावनाहरूको अध्ययन गरी राजस्वको दायरा विस्तार र आन्तरिक राजस्व परिचालन क्षमता विस्तार गरिनेछ। प्रदेश र स्थानीय तहबीचको वित्तीय अन्तरसम्बन्ध सुदृढ गर्न वित्तीय हस्तान्तरणलाई समन्यायिक र प्रभावकारी बनाइनेछ। साथै, प्रादेशिक योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन प्रक्रियामा सरकारका तहहरूबीच प्रभावकारी समन्वय गरिनेछ।

१०२. वार्षिक विकास कार्यक्रममा लैङ्गिक उत्तरदायी, विकासका स्थानीय सूचकहरू, दिगो विकास लक्ष्य र जलवायु अनुकूलन सम्बन्धी बजेट कोड अवलम्बन गर्दै कार्यान्वयनमा प्रभावकारिता ल्याइनेछ। बजेट विनियोजन, खर्चको लेखाङ्कन, लेखापरीक्षण तथा



सुदूरपश्चिम प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
धनगढी, कैलाली, नेपाल
२०७४

प्रतिवेदन गर्ने कार्यलाई सूचना प्रविधिमा आधारित बनाइनेछ। बेरुजु फछ्र्यौटका लागि प्रभावकारी कार्ययोजना बनाई फछ्र्यौट तथा सम्परीक्षण गर्ने कार्यलाई उच्च प्राथमिकता दिइनेछ।

१०३. बजेट कार्यान्वयनलाई प्रभावकारी बनाउन कार्यक्रम संशोधन, रकमान्तर, थप निकासा, स्रोत सुनिश्चितता एवम् बहुवर्षीय ठेक्का बन्दोबस्त सहमतिलाई व्यवस्थित, विधिसम्मत र आवश्यकता एवं औचित्यमा आधारित बनाइनेछ। वित्तीय पारदर्शीता कायम गर्न औचित्य पुष्टि नहुने खालका खर्च शीर्षक, नयाँ वा थप कार्यक्रम र गैरबजेटरी क्रियाकलापमा बजेट माग गर्ने प्रवृत्तिलाई निरूत्साहित गरी बजेटरी अनुशासन प्रवर्द्धन गरिनेछ।

१०४. मध्यमकालीन खर्च संरचना, परियोजना बैंक र दिगो विकास लक्ष्यको स्थानीयकरण गर्न स्थानीय तहको क्षमता विकास गरिनेछ। सोह्रौं योजना, दिगो विकासका लक्ष्यहरू, मुलुक विकासशील राष्ट्रमा स्तरोन्नती हुने सम्बन्धी रणनीति तथा समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय लक्ष्यसँग तादम्यता हुनेगरी प्रदेशको पच्चीस वर्षे विकास रणनीति र दोस्रो पञ्चवर्षीय योजना निर्माण कार्य अगाडि बढाइनेछ।

१०५. एकीकृत राष्ट्रिय तथ्याङ्क नीतिसँग तादम्यता हुने गरी प्रदेशस्तरमा तथ्याङ्क सूचना प्रणाली तथा अभिलेख व्यवस्थापन पद्दतिको विकास गरिनेछ। सुदूरपश्चिम प्रदेशको क्षेत्रगत प्राथमिक तथ्याङ्कको संकलन, भण्डारण, विश्लेषण र प्रकाशनको लागि डिजिटल ड्यासबोर्डको व्यवस्था मिलाइनेछ।

माननीय सदस्यहरू

१०६. अदालतहरूमा प्रदेश सरकारलाई विपक्षी बनाई दायर हुने मुद्दाहरूमा प्रदेश सरकारका तर्फबाट बहस पैरवी तथा प्रतिरक्षा गर्ने कार्यलाई सरल र प्रभावकारी बनाइनेछ। मुख्य न्यायाधिवक्ताको कार्यालयबाट अनलाइन बहस पैरवी प्रणाली विकास गरिनेछ।

१०७. समाजमा शान्ति सुरक्षा र अमनचयन कायम गरी अपराधको अनुसन्धान र अभियोजनलाई थप तथ्यपरक, प्रभावकारी र वैज्ञानिक बनाउन प्रदेश प्रहरीको क्षमता



सुदूरपश्चिम प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
धनगढी, कैलाली, नेपाल
२०७४

अभिवृद्धि कार्यक्रमलाई निरन्तरता दिइनेछ। प्रदेशस्थित सुरक्षा निकायबाट प्राप्त सूचनाहरूलाई व्यवस्थित गर्न आन्तरिक मामिला तथा कानुन मन्त्रालयमा सूचना समन्वय कक्षको स्थापना गरिनेछ।

१०८. नेपाल प्रहरीसँगको समन्वय र सहकार्यमा "नागरिक मैत्री प्रहरी सेवा कार्यक्रम" सञ्चालन गरिनेछ। शान्ति सुरक्षा, अपराध अनुसन्धान र नियन्त्रण, सडक सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन प्रदेशका प्रमुख राजमार्गहरूमा सिसिटिभी, ट्राफिक लाइट, ट्राफिक सङ्केत जडान लगायतका कार्यक्रमहरू सञ्चालन गरिनेछ।

१०९. कारागार भवन, हिरासत कक्ष र बालसुधार गृह जस्ता भौतिक संरचनाहरूको निर्माण तथा मर्मत सम्भार एवं स्तरोन्नति गरिनेछ। कैदीबन्दीहरूका लागि पुस्तकालय, सीप तथा उद्यम विकास, खेलकुद सामग्री वितरण, सङ्गीत, ध्यान, योग जस्ता रचनात्मक क्रियाकलापहरू सञ्चालन गरी कारागारलाई सुधारगृहका रूपमा विकास गरिनेछ।

११०. लागु औषध रोकथाम तथा नियन्त्रण राष्ट्रिय गुरुयोजना, २०७९-२०८४ को उद्देश्य हासिलमा योगदान गर्न र आर्टिफिसियल इन्टेलिजेन्स तथा सामाजिक सञ्जालको दुरूपयोग नियन्त्रणका लागि नेपाल प्रहरी र स्थानीय तहसँगको समन्वय र सहकार्यमा किशोर अवस्थाका विद्यार्थीहरूलाई लक्षित गरी विद्यालयहरूमा लागु औषध दुर्व्यसन र सामाजिक सञ्जाल सञ्चालन सम्बन्धी चेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

१११. प्रदेशबाट जारी भएका कानुनहरूको उत्तर विधायिकी परीक्षण गर्ने र आवश्यकता अनुसार परिमार्जन गर्ने व्यवस्था मिलाइनेछ। स्थानीय सरकारको कार्यसँग सम्बन्धित कानुन निर्माणमा स्थानीय तहको राय लिई व्यवहारिक र वस्तुनिष्ठ बनाउन प्रयत्न गरिनेछ। स्थानीय न्यायिक समितिको क्षमता अभिवृद्धि गरिनेछ।

११२. संघ, प्रदेश, जिल्ला र स्थानीयस्तरमा सञ्चालित आपतकालिन कार्यसञ्चालन केन्द्रहरूबीच सूचना आदानप्रदान, समन्वय र सहकार्य स्थापित गरी विपद् व्यवस्थापनका कार्यलाई प्रभावकारी बनाइनेछ। विपद्का घटनाहरूमा खोज तथा उद्धार गर्नको लागि सुरक्षा निकायलाई अत्याधुनिक उपकरणयुक्त बनाउँदै लगिनेछ।



सुदूरपश्चिम प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय धनगढी, कैलाली, नेपाल २०७४

विपद्मा परी गम्भिर घाइते भएका व्यक्तिलाई प्रदेश सरकारबाट प्रदान गरिदै आएको आपतकालिन हवाई उद्धार सेवा र सुदूरपश्चिमबासीहरूका लागि विपद् बीमा कार्यक्रमलाई निरन्तरता दिइनेछ।

११३. विपद् जोखिमको मूल्याङ्कन र विश्लेषण गरी बस्तीहरूको डिजिटल नक्साङ्कन तयार गर्ने, सशस्त्र प्रहरी बलसँगको सहकार्यमा विपद् स्वयंसेवक उत्पादन कार्यक्रम सञ्चालन गरिनेछ। सहिद, घाइते, द्वन्द्व पीडित, वेपत्ता नागरिक परिवारको निःशुल्क स्वास्थ्य बीमा कार्यक्रमलाई निरन्तरता दिइनेछ। मनसुनपूर्व विपद् जोखिम मूल्याङ्कन गरी पूर्व तयारी र प्रतिकार्यका लागि आपतकालिन कार्ययोजना निर्माण गरी लागु गरिनेछ।

११४. यस प्रदेशसँग जोडिएका अन्तर्राष्ट्रिय सीमा नाकाका भन्सार विन्दुमा आवश्यक पूर्वाधार निर्माण, सीमा नाका भएर बाहिरिने र देशभित्र भित्रिने व्यक्तिहरूको अभिलेख व्यवस्थापन गर्न सूचना प्रविधिमा आधारित प्रणाली विकासका लागि सहयोग गरिनेछ। सीमा नाकामा हुने अवैध बस्तु ओसारपसार नियन्त्रण र रोकथामका लागि जोखिमयुक्त अवस्था आँकलन गरी स्क्यानिङ गर्ने कार्यमा सहजीकरण गरिनेछ। सीमा नाकामा बेखर्ची भई अलपत्र परेका अपराध पीडित नागरिकलाई उद्धार गरी घर ठेगानामा फर्कन सहजीकरण गरिनेछ।

११५. लोकतान्त्रिक व्यवस्थाको अभिन्न अंगको रूपमा स्थापित आम सञ्चार एवं पत्रकारिता क्षेत्रको क्षमता अभिवृद्धि कार्यक्रमहरूलाई निरन्तरता दिइनेछ।

११६. प्रदेश सरकारका सबै निकायहरूमा प्रभावकारी सेवा प्रवाह र सूचनाको हक सुनिश्चित गर्न सार्वजनिक सेवामा डिजिटल गभर्नेन्सको अवधारणा लागु गरिनेछ। सरकारको खर्चलाई मितव्ययी र नतिजामुखी बनाउन सरकारी खर्च मितव्ययीता सम्बन्धी मार्गनिर्देशन तयार गरी लागु गरिनेछ। सुदूरपश्चिम प्रदेश सरकारलाई उत्तरदायी सरकारका रूपमा स्थापित गर्ने उद्देश्यले "हेलो सिएम" कार्यक्रमलाई थप सशक्त र प्रभावकारी बनाउन नीतिगत, संरचनागत र प्रणालीगत सुधार गरिनेछ।

११७. भ्रष्टाचारमा शून्य सहनशीलता, नीतिगत एवं अन्य भ्रष्टाचार तथा स्वार्थको द्वन्द्व नियन्त्रण र सुशासन प्रवर्द्धनका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय



सुदूरपश्चिम प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय धनगढी, कैलाली, नेपाल २०७४

मातहतमा सुशासन केन्द्र स्थापना गरी विभिन्न संघ संस्थासँगको साझेदारीमा सुशासन फेलोशिप कार्यक्रम सञ्चालन गरिनेछ।

११८. प्रदेश सरकारबाट आगामी वर्षमा प्रदेश गौरवका आयोजना सहित प्रदेश सरकारका विकास परियोजनाहरू मध्येबाट प्रभावकारिता, लागत र सार्वजनिक क्षेत्रमा पुर्‍याउने योगदान लगायतका आधारमा कम्तिमा १०० वटा उच्च प्रतिफलयुक्त आयोजना (High Impact Projects) छनौट गरी कार्यान्वयन गरिनेछ। प्रदेश गौरवका आयोजना र उच्च प्रतिफलयुक्त आयोजनाहरू समयमै सम्पन्न गरी अपेक्षित उपलब्धि हासिल गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा "सिएम एक्शन रुम" को व्यवस्था गरिनेछ। उक्त कक्षबाट सबै क्षेत्रको तथ्याङ्क र सूचकमा आधारित भई डिजिटल प्रविधिको माध्यमबाट आयोजना कार्यान्वयनमा सहजीकरण, समन्वय, अनुगमन, निर्देशन र नियन्त्रणको व्यवस्था मिलाइनेछ।

११९. प्रदेश गौरवका आयोजना, बहुवर्षीय एवम् क्रमागत तथा वित्तीय दायित्व सिर्जना भइसकेका आयोजनालाई प्राथमिकता दिई कार्यान्वयन गरिनेछ। उच्च प्रतिफल एवम् पुँजी निर्माणमा योगदान पुऱ्याउने रूपान्तरणकारी आयोजनाको सम्भाव्यता अध्ययन गरी प्रदेश आयोजना बैंकलाई प्रभावकारी बनाइनेछ। आयोजना व्यवस्थापनमा वित्तीय सुशासन कायम गर्न ठूला प्रादेशिक आयोजनाको विस्तृत आन्तरिक लेखापरीक्षण गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

१२०. प्रदेश सरकारका नीति तथा कार्यक्रम कार्यान्वयनलाई प्रभावकारी तुल्याउन सूचना प्रविधिमा आधारित एकीकृत नतिजा व्यवस्थापन प्रणाली लागु गरी माइलस्टोन र उपलब्धिहरूको आधारमा त्रैमासिक, अर्धबार्षिक एवं बार्षिकरूपमा सबै मन्त्रालयहरूको कार्यसम्पादन मूल्याङ्कन गर्ने व्यवस्था मिलाइनेछ। अनुगमन तथा मूल्याङ्कनलाई नतिजामुखी र मापनयोग्य सूचकमा आधारित बनाउन आवश्यक कानुनी व्यवस्था गरिनेछ।

१२१. कर्मचारीहरूको उत्प्रेरणा, असल कार्य वातावरण निर्माण र संस्थागत सुशासनलाई थप सबल एवम् सुदृढ बनाइनेछ। प्रदेश निजामती सेवा ऐन तथा नियमावलीलाई



सुदूरपश्चिम प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय धनगढी, कैलाली, नेपाल २०७४

समसामयिक परिमार्जन गरी प्रदेशमा कार्यरत कर्मचारीको वृत्ति विकासका अवसरहरू सिर्जना गरिनेछ। साथै स्थानीय सेवाको गठन तथा सञ्चालन सम्बन्धी कानुन निर्माण कार्यलाई उच्च प्राथमिकता दिइनेछ।

१२२. सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको संस्थागत सुदृढीकरणका लागि विस्तृत परियोजना प्रतिवेदन, रणनीतिक योजना, आईएसओ प्रमाणीकरणका लागि दस्तावेजीकरण र संगठन संरचनाको पुनरावलोकन गरिनेछ। तीनै तहको सहकार्यमा प्रदेश तथा स्थानीय शासन सबलीकरण कार्यक्रमको प्रभावकारी कार्यान्वयन गरिनेछ।

१२३. प्रदेश मातहतका सार्वजनिक निकायहरूको संगठन संरचना तथा दरबन्दी विवरणलाई समयानुकूल परिमार्जन र पुनरावलोकन गर्नका लागि समग्र संगठन एवं व्यवस्थापन सर्वेक्षण गरिनेछ।

१२४. योग्यता प्रणालीको संरक्षण र प्रवर्द्धन गरी स्वच्छ, निष्पक्ष र प्रभावकारी रूपले प्रदेश निजामती सेवा र स्थानीय सेवाका रिक्त पदमा पदपूर्ति गर्न प्रदेश लोक सेवा आयोगलाई स्रोत साधन सम्पन्न बनाइनेछ। प्रदेश लोक सेवा आयोगको लागि जग्गा प्राप्ति एवम् भवन निर्माण कार्य आगामी आर्थिक वर्षमा अगाडि बढाइनेछ।

१२५. राष्ट्रिय किताबखाना (निजामती) सँग समन्वय र सहकार्य गरी हाल मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा रहेको कर्मचारी अभिलेख शाखालाई प्रदेश किताबखानाको रूपमा परिणत गर्ने र सोको लागि संस्थागत संरचना, भौतिक पूर्वाधार तथा सूचना प्रणाली स्थापना गरी संस्थागत प्रभावकारिता अभिवृद्धि गरिनेछ।

१२६. प्रदेश सरकारको संस्थागत छविलाई सबल बनाउन र कार्यसम्पादनमा एकरूपता ल्याउने उद्देश्यले बैठक कार्यप्रणाली, अतिथी सत्कार, सम्मान प्रचलन, साइनबोर्ड, नेमप्लेट, कार्यक्रम सञ्चालन एवं कार्यपत्र प्रस्तुतीकरणको ढाँचा लगायतका मानकहरू निर्धारण गरिनेछ। यसबाट सरकारको दृश्यात्मक पहिचान, मर्यादा र औपचारिक प्रस्तुतिमा एकरूपता सुनिश्चित भई संस्थागत प्रभावकारिता अभिवृद्धि हुनेछ।

१२७. सङ्घीय सरकार र राष्ट्रिय मानव अधिकार आयोगको सहकार्यमा प्रदेशमा मानव अधिकार प्रति सम्मान गर्ने संस्कृति विकास गर्न, विभेदकारी सामाजिक एवं साँस्कृतिक

सुदूरपश्चिम प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
धनगढी, कैलाली, नेपाल
२०७४

प्रथा र कुरीतिहरू हटाउने लगायतका कार्यमा सह-शासनको अवधारणा अनुरूप सरकारी, गैरसरकारी एवं नागरिक समाज लगायतका सरोकारवालाहरूसँग सहकार्य गरिनेछ। मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट यस कार्यको समन्वय गरिने व्यवस्था मिलाइनेछ।

**माननीय सभामुख महोदय,**

**माननीय प्रदेश सभा सदस्यहरू,**

आर्थिक वर्ष २०८२/८३ का लागि प्रस्तावित नीति तथा कार्यक्रमले समृद्ध र सबल सुदूरपश्चिम प्रदेश निर्माण गर्ने सङ्कल्पलाई साकार तुल्याउन महत्वपूर्ण योगदान पुग्ने विश्वास लिएको छु। प्रस्तुत नीति तथा कार्यक्रमको कार्यान्वयनबाट हालसम्म हासिल भएका राजनीतिक, सामाजिक तथा आर्थिक उपलब्धि संस्थागत हुनुको साथै आगामी दिनमा विकास प्रक्रियामा थप गतिशीलता आउने र प्रभावकारी एवम् नतिजामुखी सेवा प्रवाहमार्फत सुशासनको प्रत्याभूति हुनुका साथै राष्ट्रिय र प्रादेशिक हित, गौरव, स्वाभिमान, सन्तुलन र सम्मान अभिवृद्धि हुने कुरामा दृढ विश्वास व्यक्त गर्दछु।
अन्त्यमा, प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमाको क्रममा सुझाव र सहयोग प्रदान गर्नुहुने राजनीतिक दल, प्रदेश तथा स्थानीय तहका जनप्रतिनिधिहरू, राष्ट्रसेवक कर्मचारी, बुद्धिजीवी, सहकारी एवम् निजी क्षेत्र, गैरसरकारी संघसंस्था, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विकास साझेदारहरू, आम-सञ्चारजगत, नागरिक समाज, उद्योगी, व्यवसायी, किसान, श्रमिक वर्ग र सम्पूर्ण दिदीबहिनी तथा दाजुभाइहरूप्रति हार्दिक आभार व्यक्त गर्दै प्रस्तुत नीति तथा कार्यक्रम कार्यान्वयनको लागि सबैबाट सहयोग प्राप्त हुने विश्वास व्यक्त गर्दछु।

धन्यवाद !!

सम्वत् २०८२ साल जेठ १६ गते शुक्रबार ।

सुदूरपश्चिम प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
धनगढी, कैलाली, नेपाल
२०७४